नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय, सामान्य सेवा विभाग

**नेपाल बैंक लिमिटेड सिटी अफिस पोखरा अन्तर्गतको पोखरा नर्सिङ्ग क्याम्पस एक्स्टेन्सन काउन्टरमा सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग भौतिक निर्माण कार्य गर्नको लागि बोलपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकशित मिति २०७८/०३/२०)**

नेपाल बैंक लिमिटेडको सिटी अफिस पोखरा अन्तर्गतको पोखरा नर्सिङ्ग क्याम्पस एक्स्टेन्सन काउन्टरमा भौतिक निर्माण कार्य गर्न सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग कार्य गर्न परिमाणको विवरण (BOQ) बमोजिम कार्य गर्न अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र फाराम खरिद गरी ३१ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । यस बैंकको काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८३००००१ मा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागबाट र सिटी अफिस पोखरा शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्बन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभाग र सिटी अफिस पोखरा शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) बोलपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परिमाणको विवरण (BOQ) मा दर रेट खुलाई तल उल्लेखित रकम बरावर धरौटी वापत यस बैंकको काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको 'क'वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तिम मितिले ९० दिनको हुनेछ ।

२) बोलपत्रदाता निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, कम्पनीको प्रबन्धपत्र तथा नियमावलि, कम्पनी अद्यावधिक,शेयर लगत विवरण, Latest Director Register, व्यवसायको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, आर्थिक बर्ष २०७६/०७७ को कर चुक्ता प्रमाणपत्र हरुको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

३) बैंक तथा वित्तिय संस्थामा बिगत ५ बर्षमा कम्तीमा २ वटा काउन्टर लगायत सिभिल तथा ईलेक्ट्रिकल,नेटवर्किङ्ग सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

४) बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको बोलपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सब विवरण भरि) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पानाको पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

५) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ ।
बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७८/०४/१८ गते सोमबार कार्यालय समय भित्र ।
बोलपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७८/०४/१९ गते मंगलबार बिहान ११:०० बजे भित्र ।
बोलपत्र दाखिला गर्ने स्थान :- सिटी अफिस पोखरा ।

७) थप विवरण :-

| **शाखा/ बोलपत्र नं.** | **सम्झौता भएको मिति बाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने समय** | **बोलपत्र धरौटी वापत रकम** | **बोलपत्र फाराम प्राप्त गर्ने स्थान** | **बोलपत्र खोल्ने स्थान, मिति र समय** | **बैंकको अनुमानित लागत सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कूल जम्मा रकम** |
|---|---|---|---|---|---|
| **सिटी अफिस पोखरा अन्तर्गतको पोखरा नर्सिङ्ग क्याम्पस एक्स्टेन्सन काउन्टर NBL/NCB59/ W077/78** | ६० दिन | रु.५५,०००/- (अक्षरेपी पचपन्न हजार मात्र।) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाडौं र सिटी अफिस पोखरा शाखा । | ने.बै.लि. सिटी अफिस पोखरा २०७८/०४/१९ गते मंगलबार दिउसो १२:३० बजे । | रु.२२,७२,४२४/१६ (अक्षरेपी बाइस लाख बहत्तर हजार चार सय चौबीस र पैसा सोह्र मात्र ) |

**नोट : बोलपत्र खोल्ने दिन विदा पर्न गएमा सो दिनको भोली पल्ट बोलपत्र खोलिनेछ । यो सुचना यस बैंकको Website:- www.nepalbank.com.np मा समेत हेर्न सकिने छ ।**